## मिति २०७७/०९/२८ गतेका दिन सम्पन्न ५२ औं कार्यपालिका बैठकका निर्णयहरु :

### बैठकका प्रस्तावहरु

१. कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन सम्बन्धमा,
२. आठौं नगर सभा अधिवेशन सम्बन्धमा,
३. सिटीहलको भाडा दररेट कायम सम्बन्धमा,
४. अमिनको सेवाशुल्क सम्बन्धमा,
५. अस्थायी तथा करारका कर्मचारीहरुको म्याद थप सम्बन्धमा,
६. शिक्षा समितिको वैठकका निर्णय तथा विपन्न परिवार सहयोग बजेट
७. ५०/५० लागत सहभागिताका योजना सम्बन्धमा,
८. शहरी स्वास्थ्य केन्द्र तथा कोल्मा स्वास्थ्य चौकी मर्मत सम्भार सम्बन्धमा,
९. विपद् जोखिममा परेका नगरवासीलाई राहत रकम भुक्तानी सम्वन्धमा ।
१०. प्राविधिक शिक्षा छात्रवृति र लैंगिक हिंसा निवारणकोष कार्यविधि
११. विविध

क. भूमिहिन दलीत, भूमिहिन सुकुम्वासी र अव्यस्थित बसोबासीहरुको स्थानीय तहबाट लगत संकलन कार्यविधि २०७७ बमोजिम नगरपालिका स्तरमा र वडास्तरमा समिति गठन सम्बन्धमा,
ख. नगरपालिकाको वडा नं. ५ मा अस्थायी क्रसर उद्योग स्थापनाको अनुमतीलाई अनुमोदन सम्बन्धमा,
ग. सार्वजनिक शौचालय निर्माण सम्बन्धमा,
घ. तथा घ वर्गको निर्माण व्यवसायी ईजाजत पत्र सम्बन्धी कार्यविधि २०७५ लाई संशोधन गर्ने कार्यविधि पारीत सम्बन्धमा,
ङ. नगरपालिका विरुद्ध परेका मुद्दामा नगरपालिकाको तर्फबाट लिखित जबाफ तथा बहस पैरवी गर्ने अधिवक्ताको पारिश्रमीक सम्बन्धमा ।
च. विपन्न नागरिकहरुलाई औषधी उपचार खर्च उपलब्ध गराउने सम्बन्धमा ।

### निर्णयहरु :

**निर्णय नं. १ :**

यस कार्यालयमा कार्यरत चौथो तहसम्मका कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन समितिबाट हालसम्म मूल्याङ्कन नभएको, सो समितिको संयोजक प्रमुख प्रशासकीय अधिकृत हुने व्यवस्था भएकोमा तत्कालीन प्रमुख प्रशासकीय अधिकृत डोलराज ढकालको नियमानुसार मूल्याङ्कन गर्नु पर्ने समयमा बिमारी भई उपचारत रहेकै अवस्थामा मृत्यु भएकोले निज कर्मचारीहरुको कार्यसम्पादन मूल्याङ्कन गर्नको लागि गठित समितिको संयोजक भई निजामती सेवा नियमावली २०५० को नियम ७८ ख उपनियम (९) बमोजिम मूल्याङ्कनको कार्य सम्पन्न गर्न वर्तमान प्रमुख प्रशासकीय अधिकृतलाइ लगाउने निर्णय गरियो ।

**निर्णय नं. २ :**

यस नगरपालिकाको आठौं नगरसभा अधिवेशन २०७७/१०/१७ गते शनिवार दिनको १०.३० बजे नगरपालिकाको सिटिहलमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :**

यही २०७७ पौष महिनाबाट नगरपालिकाले सञ्चालनको जिम्मा पाएको वडा नं. १ मा रहेको सिटिहलमा कार्यक्रम गर्न चाहने संघ संस्था वा व्यक्तिबाट हलभाडा वापत प्रतिदिन रु.१०,०००।- (दश हजार) शुल्क लिने, सिटिहल परिसरमा रहेको खाली जग्गा तथा हल बाहिरको खाली ठाँऊमा कार्यक्रम सञ्चालन गर्न चाहने संघ संस्था वा व्यक्तिबाट भाडा वापत प्रतिदिन रु.३,०००।- ( तिन हजार) शुल्क लिई कार्यक्रम सञ्चालन गर्न दिने व्यवस्था मिलाउने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस नगरपालिकामा कार्यरत अमिनलाई कुनै व्यक्ति वा संस्थाले जग्गा छुट्याउनको लागि लैजान चाहेमा आवश्यक कागजात सहीत प्रति कित्ता निम्नानुसारको राजस्व दाखिला गर्न लगाएर लैजान सक्ने व्यवस्था मिलाउने निर्णय गरियो ।

तपसिल :

| क.स | स्थान | रकम | कैफियत |
|---|---|---|---|
| १ | वडा नं. १, २ र ३ | १५००।- | |
| २ | वडा नं. ४, १० र ११ | २०००।- | |
| ३ | वडा नं. ५, ७, ८, १३, र १४ | २५००।- | |
| ४ | वडा नं. ९ र १२ | २७००।- | |
| ५ | वडा नं ६ | ३०००।- | |